नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा

सिंहदरवार, काठमाडौं

फोन नं.०१-४२००००० 

पत्र संख्याः २०७६/७७

चलानी नं. ५

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

२०७६।०४।१३

विषयः मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तह सवै

प्रस्तुत विषयमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको प.सं. ०७६/७७ च.नं.०१, मिति २०७६/०४/०५ को पत्रसहित बालकल्याण समिति र जिल्ला वालकल्याण समितिको चल, अचल सम्पत्ति, दायित्व र कर्मचारी, राष्ट्रिय वाल अधिकार समितिमा हस्तान्तरण गर्ने सम्वन्धमा नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०७६।०३।१३ मा भएको निर्णय प्राप्त भयो । सो सम्वन्धमा उक्त निर्णयको बुँदा नं. ४ मा उल्लिखित व्यहोरा अवगत गर्नु भई सोहि वमोजिम गर्नु गराउनुहुन मिति २०७६/०४/१३ को निर्णयानुसार अनुरोध छ ।

<u>वोधार्थ</u>

श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - Web-site मा अपलोड गरिदिनुहुन ।

०७६/०४/१२

सुभद्रा सुवेदी

( शाखा अधिकृत)

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(बाल संरक्षण तथा विकास शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. : ४२००२१६, ४२००३२८, ४२०००९३, ४२००१६८

फ्याक्स : ४२००११६

पत्र संख्या :- ०७५/७६ (बा.बि.)

च.नं. :- ०१

मिति: २०७६।४।३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय: मन्त्रीपरिषदको निर्णय कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा केन्द्रीय बालकल्याण समिति र जिल्ला वालकल्याण समितिको चल, अचल,सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय वाल अधिकार परिषद र स्थानीय वाल अधिकार समितिमा हस्तान्तरण गर्ने सम्पन्धमा नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७६।३।१२ मा निर्णय भएको छ । सोही वमोजिम साविकको जिल्ला बालकल्याण समितिको सम्पत्ति तथा पुर्वाधारको उपयोग र व्यवस्थापन गर्ने वारे जिल्ला सदरमुकाममा रहेका नगरपालिका वा गाउँपालिका प्रमुखको संयोजकत्वमा गठन हुने व्यवस्थापन समिति गठन गरी साविकको जिल्ला वालकल्याण समितिको सम्पत्ती, दायित्व र कर्मचारी साविकको जिल्ला वालकल्याण समितिवाट नवगठित व्यवस्थापन समितिमा लिने दिने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ । निर्णयको छायाँप्रति यसैसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

पवित्रा ढकाल
शाखा अधिकृत

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

विषयः- केन्द्रीय बाल कल्याण समिति र जिल्ला बालकल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय बाल अधिकार परिषद् र स्थानीय बालअधिकार समितिमा हस्तान्तरण गर्ने ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०७६/०२/२८

१. विषयको संक्षिप्त व्यहोरा :

बालबालिका सम्बन्धी ऐन, २०४८, को दफा ३२ बमोजिम केन्द्रीय तथा जिल्ला बालकल्याण समितिको गठन भई उक्त समितिहरूले बालअधिकारसँग सम्बन्धित कामकाजहरू गर्दै आएको, बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भई बालबालिका सम्बन्धी ऐन,२०४८ लाई प्रतिस्थापन गरेको । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा तोकिए बमोजिमको एक राष्ट्रिय बालअधिकार परिषद रहने व्यवस्था गरेको र सोही ऐनको दफा ८७ को (३) मा बालबालिका सम्बन्धी ऐन,२०४८ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ भन्ने व्यवस्था भए अनुरुप ऐनको दफा ५९ बमोजिम गठन हुने राष्ट्रिय बालअधिकार परिषदमा हाल कार्यान्वयनमा रहेको केन्द्रीय बाल कल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारीलाई सार्ने र जिल्ला बालकल्याण समितिको चल-अचल सम्पत्ति दायित्व र कर्मचारीलाई सोही ऐनको दफा ६० बमोजिम गठन हुने स्थानीय बाल अधिकार समितिमा सार्ने आवश्यक भएको ।

२. प्राप्त परामर्श र अन्य प्रासंगिक कुरा

साविकको बालबालिका सम्बन्धी ऐन, २०४८, को दफा ३२ बमोजिम केन्द्रीय तथा जिल्ला बालकल्याण समितिको गठन भई कार्यान्वयनमा रहेको । साविकको बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ३२(१) अनुसार नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७२/०४/१४ को निर्णयानुसार नागरिक समाजबाट एक जना सदस्यको नियुक्ति गरिएको। २०७३/०८/१२ मा नागरिक समाजबाट थप एघार जना सदस्यहरूको मनोनयन गरिएको ।बालबालिका सम्बन्धी ऐन, २०७५ मा राष्ट्रिय बाल अधिकार परिषद्को व्यवस्था गरेको र सोको कार्यान्वयनको लागि नियमावली बन्ने क्रममा रहेको।सो परिषद गठन भएसँगै बालकल्याण समितिमा साविकमा नियुक्त / मनोनयन भएका पदाधिकारीहरूलाई पदमुक्त गर्नुपर्ने भएको। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०४/१८ मा अर्को व्यवस्था नभएसम्मको लागि केन्द्रीय बाल कल्याण समितिलाई निरन्तरता दिने निर्णय भएको । मिति २०७५/०७/२५ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार केन्द्रीय बाल कल्याण समितिको निरन्तरताको लागि थप कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत भएको । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/१०/०३ को निर्णयबाट केन्द्रीय बाल कल्याण समितिको कार्यालयबाट सञ्चालित बजेट र जनशक्तिलाई साविक बमोजिम नै आर्थिक वर्ष २०७५/७६ को असार मसान्तसम्म लाई निरन्तरता दिने निर्णय भई कार्यान्वयनमा रहेको । केन्द्रीय बालकल्याण समितिले गर्दै आएको दायित्व, चल-अचल सम्पति र कर्मचारीलाई ऐनको दफा ५९ बमोजिम गठन हुने राष्ट्रिय बाल अधिकार परिषदमा र जिल्ला बालकल्याण समितिले गर्दै आएको दायित्व, चल-अचल सम्पति र कर्मचारीलाई ऐनको दफा ६० बमोजिम गठन हुने स्थानीय बालअधिकार समितिमा सारी संघीय संरचना अनुरुप व्यवस्थापन गर्न आवश्यक भएको ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः
साविकको बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ३२ बमोजिम गठन भएका केन्द्रीय तथा
जिल्ला बालकल्याण समितिले गरेको काम कारवाही र पदाधिकारीहरूको नियुक्ति सम्बन्धमा हाल
कार्यान्वयनमा रहेको बालबालिका सम्बन्धी ऐन, २०७५ ले कुनै व्यवस्था नगरेको । बालबालिका
सम्बन्धी ऐन, २०७५ को दफा ५९ मा राष्ट्रिय बालअधिकार परिषद् र दफा ६० मा प्रदेश र
स्थानीय तहको बालअधिकार समिति सम्वन्धी व्यवस्था भएकोले साविकको बालबालिका सम्बन्धी
ऐन, २०४८ बमोजिम गठन भएका केन्द्रीय तथा जिल्ला बालकल्याण समिति खारेज गरी सो
समितिमा नेपाल सरकारबाट नियुक्त तथा मनोनयन भएका पदाधिकारीहरूलाई पदमुक्त गरी त्यस्ता
समितिमा रहेको चल-अचल सम्पति, दायित्व र कर्मचारीहरू केन्द्रीय बालकल्याण समितिको हकमा
राष्ट्रिय बालअधिकार परिषद्मा र जिल्ला बालकल्याण समितिको हकमा स्थानीय बालअधिकार
समितिमा सारी आवश्यक व्यवस्थापन गर्न स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव
पेश गर्न माननीय विभागीय मन्त्रीबाट मिति २०७६/०२/२८ मा स्वीकृति प्राप्त भएकोले नेपाल
सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ४१ बमोजिम यो
प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

(क) साविकको केन्द्रीय बालकल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय बाल अधिकार परिषद्मा हस्तान्तरण गर्ने ।

(ख) साविकको जिल्ला बालकल्याण समितिको चल-अचल सम्पति, दायित्व र कर्मचारी सम्बन्धित जिल्लाको सदरमुकाम रहेको स्थानीय नगरपालिका वा गाउँपालिकालाई देहायबमोजिम संचालन गर्ने गरी हस्तान्तरण गर्ने :-

(१) साविकका जिल्ला बालकल्याण समितिको सम्पति तथा पूर्वाधार जिल्लाभरका नगरपालिका तथा गाउँपालिकाहरूका लागि उपयोग र व्यवस्थापन गर्ने ।

(२) जिल्ला सदरमुकाममा रहेको नगरपालिका वा गाउँपालिका प्रमुखको संयोजकत्वमा जिल्ला भरका नगरपालिका तथा गाउँपालिकाका सबै प्रमुख वा सम्बन्धित गाउँपालिका/नगरपालिकाको प्रतिनिधि पदेन सदस्य रहने गरी व्यवस्थापन समितिको व्यवस्था गर्ने ।

(३) बुँदा २ (ख) बमोजिमको व्यवस्थापन समितिको निर्णयबाट जिल्ला बालकल्याण समितिको चल अचल सम्पति, दायित्व तथा कर्मचारीको व्यवस्थापन गर्ने ।

(४) सो व्यवस्थापन समितिले सम्बन्धित जिल्लामा रहेका सबै नगरपालिका तथा गाउँपालिकाको लागत साझेदारीमा समितिको थप पूर्वाधार विकास तथा संचालन गर्ने । त्यस्तो लागत साझेदारीको मोडालिटी व्यवस्थापन समिति आफैले तय गरे बमोजिम हुने ।

(ग) साविकको केन्द्रीय बाल कल्याण समिति र जिल्ला बालकल्याण समिति खारेज गरी सो समितिमा मनोनित तथा नियुक्त अध्यक्ष, सदस्य लगायत सबै पदाधिकारीहरूलाई निर्णय भएको मितिदेखि लागू हुने गरी पदमुक्त गर्ने । यसरी पदमुक्त गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।

मिति :२०७६/२/२८

(चन्द्र कुमार घिमिरे)
सचिव

श्री सचिव,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।

केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिको चल-अचल सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय बालअधिकार परिषद् र स्थानीय बालअधिकार समितिमा हस्तान्तरण गर्ने विषयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको दर्ता नं. १२/६-०७६/२/२९ को प्रस्ताव मं.प.बै.सं. १४/०७६ मिति २०७६/३/१२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु –

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७६/३/१२